# चिशंखुगढी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## सेर्ना, ओखलढुंगा

कोशी प्रदेश, नेपाल

पत्र संख्या: २०८१/०८२

**तह वृद्धि/मिलानको लागि निवेदन सम्बन्धी सूचना।**

**(प्रकाशित मिति: २०८१/०८/२६)**
**(ने.सं. ११४५ चिंलाथ्व ११ बुधवार)**

प्रस्तुत विषयमा चिशंखुगढी गाउँपालिका र अन्तर्गतका कार्यालयहरुमा कार्यरत स्थायी कर्मचारीहरुको तह वृद्धिको लागि स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा ४ को उपदफा ५, दफा ८ को १७ र दफा २७ को उपदफा १ र २ तथा चिशंखुगढी गाउँपालिकाका कर्मचारीहरुको तह वृद्धि गर्ने सम्बन्धी कार्यविधि, २०८१ को दफा ६ र ७ बमोजिमको योग्यता पुगेका कर्मचारीहरुले यो सूचना प्रकाशन भएको मितिले ३० (तीस) दिन भित्र (मिति २०८१/०९/२६ गतेभित्र) तह वृद्धिको लागि तपसिलमा उल्लेखित कागजात सहित कार्यविधिको अनुसूची-३ बमोजिमको ढाँचामा यस कार्यालयमा निवेदन पेश गर्नुहुन सोही कार्यविधिको दफा ३ बमोजिम सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

सिताराम राई
प्रमुख प्रशासकीय अधिकृत

**तपसिल:**

क. पछिल्लो तीन वर्षमा कार्यसम्पादन मूल्यांकन फाराम बुझाएको कार्यालयको नाम स्पष्ट खुलाई लेखिएको सक्कल निवेदन,
ख. शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि,
ग. सेवा अवधि पुष्टि गर्ने नियुक्ति/बढुवा नियुक्तिको प्रतिलिपि,
घ. स्थानीय तहमा समायोजन भएको पत्रको प्रतिलिपि, (समायोजन भएको कर्मचारीको हकमा)
ङ. विभागीय सजाय नपाएको, निलम्बनमा नरहेको र सेवा अवधि पुरा भएको विवरण खुलाई सम्बन्धित कार्यालयले गरेको सिफारिस पत्र,
च. पेशा सम्बन्धी व्यवसायी परिषद्ले उपलब्ध गराउने प्रमाण पत्रको प्रतिलिपि (आवश्यक हुनेको हकमा मात्र)
छ. कार्यविधिको दफा (५) बमोजिमको तह वृद्धि सिफारिस समितिले मागेको अन्य कागजातहरु।